# सरकारी वकीलहरुका लागि संचालन गरिने विधि विज्ञान सम्बन्धी प्रशिक्षण कार्यक्रमको पाठ्यक्रम, २०७९

**पाठ्यक्रम निर्माण समूहः**


संयोजक, श्री रमादेवी पराजुली ,फ्याकल्टी/ सहन्यायाधिवक्ता, राष्ट्रिय न्यायिक प्रतिष्ठान

सदस्य, डा. श्री गोपाल चौधरी, विधि विज्ञान विभाग, महाराजगञ्ज

सदस्य, प्रमुख बैज्ञानिक अधिकृत श्री दिनेश कुमार झा, राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, खुमलटार

सदस्य, श्री ज्योति पाण्डे, उपनिर्देशक, राष्ट्रिय न्यायिक प्रतिष्ठान



**राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल**

**मनमैंजू,**

## विषयसूची


| | विषय | पेज |
|---|---|---|
| | **भाग १<br>प्रारम्भिक** | |
| पृष्ठभूमि | | ३ |
| पाठ्यक्रमको परिचय | | ४ |
| प्रशिक्षण पाठ्यक्रमको उद्देश्य | | ५ |
| सहभागिता, सहभागी संख्या र अवधि | | ६ |
| पाठयक्रमको संरचना | | ६ |
| पाठ्यक्रमका मोड्युल वा सत्रहरु | | ६ |
| सत्र सञ्चालन विधि र प्रशिक्षण मूल्याङ्कन | | ८ |
| | **भाग २<br>मोड्यूल तथा सत्रहरु** | |
| **मोड्यूल १** | **सरकारवादी फौजदारी मुद्धाको अनुसन्धानमा विधि विज्ञानको प्रयोग र न्यायिक दृष्टीकोण** | |
| सत्र १ | **Importance and Application of Physical and Scientific Evidences in Criminal Cases and Judicial Trend** | ९ |
| सत्र २ | **Use of Digital forensic in criminal cases and its importance** | ९ |
| सत्र ३ | **Significance of sampling and chain of custody: current trends and standard practices** | ९ |
| सत्र ४ | **Conditions for Admissibility of scientific evidences and Experts Opinion** | १० |
| **मोड्यूल २** | **विधि विज्ञानको प्रयोगको क्षेत्र** | |

| | | |
|---|---|---|
| सत्र १ | **Introduction of Injuries, Kind and Nature** | ११ |
| सत्र २ | **Medical Examination of injuries and Torture Victim: Report Analysis and Interpretation** | ११ |
| सत्र ३ | **Medico legal aspects in Gender Based Offences** | ११ |
| सत्र ४ | **Homicidal Death and Autopsy Reports** | १२ |
| सत्र ५ | **Age Estimation: principle and practice** | १२ |
| सत्र ६ | **Mental State Examination of Victim of Crime and Accused** | १२ |
| सत्र ७ | **Polygraph and Its Uses in Criminal Cases** | १३ |
| सत्र ८ | **Questioned Documents** | १३ |
| सत्र ९ | **DNA and its Application in Criminal Cases** | १३ |
| सत्र १० | **Application of Wildlife Forensics in criminal cases (Lab Analysis and Reporting)** | १३ |
| सत्र ११ | **Chemical Examination (Drugs & Poisoning: Lab Analysis & Reporting)** | १४ |
| **मोड्यूल ३** | **स्थलगत अध्ययन, अबलोकन, भ्रमण र प्यानल छलफल** | |
| सत्र १ | **Mortuary Department Visit<br>(Autopsy Briefing & Demonstration)** | १५ |
| सत्र २ | **Visit of National Police Forensic Science Laboratory, Samakhushi** | १५ |
| सत्र ३ | **Visit of National Forensic Science Laboratory, Khumaltar** | १५ |
| सत्र ४ | **Cases Discussion** | १५ |
| सत्र ५ | नेपालमा विधिविज्ञानको प्रयोगको वर्तमान अवस्था: समस्या, चुनौती र समाधानका उपायहरू | १६ |
| **सन्दर्भ सामग्री** | | १७ |

## भाग एक
## प्रारम्भिक

### १.१ पृष्ठभूमि

संगठनमा कार्यरत जनशक्तिमा रहेको ज्ञान र सीपमा थप अभिवृद्धि गरी कार्यशैलीमा सकारात्मक परिवर्तन ल्याउन प्रशिक्षण एक महत्वपूर्ण माध्यम हो। निरन्तर सिकाईको माध्यमबाट मात्र संगठनमा जीवन्तता कायम गरी संगठनको उद्देश्य हासिल गर्न मद्दत पुग्दछ।त्यसैले संगठनमा कार्यरत कर्मचारीहरुको बीचमा अन्तर्क्रिया, तालिम र प्रशिक्षणको आवश्यकता हुन्छ। यसै आवश्यकतालाई महसूस गरी न्याय प्रशासनमा संलग्न न्यायाधीश, सरकारी वकील, न्याय सेवाका कर्मचारी तथा न्याय र कानूनका क्षेत्रमा कार्यरत जनशक्तिको ज्ञान सीप र दक्षता अभिवृद्धि गर्न तालिम, प्रशिक्षण कार्यक्रम संचालन गर्ने उद्देश्यले राष्ट्रिय न्यायिक प्रतिष्ठानको स्थापना भएको हो । यस प्रतिष्ठानले आफ्नो स्थापना कालदेखि नै न्यायाधीश, सरकारी वकिल लगायतका न्यायिक क्षेत्रका जनशक्तिलाई लक्षित गरी आधारभूत तालिम, सेवाकालीन तालिम तथा  बिभिन्न बिषयका विषयगत प्रशिक्षण कार्यक्रम, कार्यशाला र अन्तर्क्रिया कार्यक्रम संचालन गरी आएको छ ।

संविधान र कानूनले सरकारी वकीललाई फौजदारी न्याय प्रशासनको संचालन प्रकृयामा महत्वपूर्ण भूमिका प्रदान गरेको छ। फौजदारी कानूनको क्षेत्रमा भएको विस्तार, कसूर गर्ने शैलीमा आएको परिवर्तन, कसूरमा संग्लनता र प्रभाव समेतका कारणले सरकारी वकीलवाट हुने अभियोजन, बहस पैरवी लगायतका कार्यहरु थप चुनौतीपूर्ण र जटिल बन्दै गईरहेको छ । त्यसैले यी चुनौतिलाई सामना गर्न सरकारी वकीललाई सक्षम बनाउन न्याय र कानूनको क्षेत्रमा बिकसित नयां मूल्य मान्यता र असल अभ्यास समेतका बिषयलाई  समेटी विभिन्न प्रशिक्षण र अन्तरक्रिया कार्यक्रम संचालन गरी सरकारी वकीलको ज्ञान सीप र दक्षतामा अभिवृदि गर्नुपर्ने आवश्यकता रहेको छ। साथै अनुसन्धानलाई भौतिक र वैज्ञानिक प्रमाणमा आधारित बनाउन सकिएमा अभियोजन निर्णय वस्तुनिष्ठ प्रमाणमा आधारित हुन गै न्याय संपादनमा मद्दत पुग्दछ । सरकारवादी फौजदारी मुद्दाको अनुसन्धान, अभियोजन, बहस पैरवी र न्याय निरुपणलाई प्रभावकारी बनाउन आवश्यक ज्ञान सीप अभिवृद्धि गर्ने एउटा महत्वपूर्ण माध्यमको रुपमा विधि बिज्ञान संबन्धी प्रशिक्षणलाई लिईएको छ।

यीनै बिषयलाई मध्यनजर गरी यस प्रतिष्ठानले सरकारी वकीलहरुलाई लक्षित गरी २०६९ साल देखि नै विधि विज्ञान सम्बन्धी प्रशिक्षण कार्यक्रम संचालन गर्दै आईरहेको छ।सरकारवादी फौजदारी मुद्दामा विधि विज्ञानको प्रयोग र वैज्ञानिक प्रमाणलाई विश्लेषण गरी अभियोजन निर्णयमा एकरुपता

कायम गर्ने उद्देश्य राखी प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दै आईरहेको भएपनि यस विषयको पाठ्यक्रम निर्माण भएको नहुदा यो बिषयमा कार्यक्रम संचालन गर्दा सधैं यसमा समेटिने बिषयका बारेमा अन्योल सिर्जना हुने गरेको थियो । त्यसैले विधि विज्ञान सम्बन्धी प्रशिक्षण कार्यक्रमको पाठ्यक्रम निर्माण गरी संचालन गरिएमा प्रशिक्षणलाई अझ व्यवस्थित, व्यवहारिक र प्रभावकारी बनाउन सकिने कुरालाई मध्ये नजर गरी सम्वन्धित विषय विज्ञसमेतको सहभागितामा यो पाठ्यक्रम निर्माण गरिएको छ।

यस प्रशिक्षण कार्यक्रमले समेट्ने पाठ्यक्रमको तय गर्दा विधि विज्ञानको अवधारणा र मूल्य मान्यता, महत्व, विकसित नविनतम अभ्यास, सरोकारवाला निकायको जनशक्तिको आवश्यकता र अभ्यासमा देखिएका समस्याहरुलाई समाधान गर्ने तर्फ लक्षित गरी गरिएको छ।संवन्धित सेवा प्रदायक संस्थाको कार्य प्रकृतिलाइ मध्यनजर गरी भौतिक प्रमाण परीक्षण गर्ने संवन्धित संस्थामा कार्यरत बिज्ञ समेतको संलग्नतामा यो पाठ्यक्रम तयार गरिएको छ। यो प्रशिक्षण कार्यक्रमको पाठ्यक्रम तयार गर्दा वैज्ञानिक प्रशिक्षण पद्दतीलाई अवलम्बन गरी प्रशिक्षण चक्रको पद्दतीलाई आत्मसात गर्दै सम्बन्धित सरोकारवाला निकाय र सम्भावित सहभागीहरुको आवश्कताको पहिचान गरी सोही आधारमा पाठ्यक्रम निर्धारण गरिएको छ।साथै प्रशिक्षण कार्यक्रमका सहभागीहरुले गरेको मूल्याङ्कन, पृष्ठपोषण, कार्यक्रमको संचालनका क्रममा प्राप्त अनुभब र सिकाई समेतका आधारमा यस पाठ्यक्रमलाई आवश्यकता अनुसार परिमार्जन गर्दै लगिनेछ।

## १.२ पाठ्यक्रमको परिचय

प्रभावकारी न्याय प्रशासनका लागि न्याय संपादनमा संलग्न हुने पदाधिकारी, सरकारी वकील र अनुसंधान अधिकृत र अन्य सरोकारवाला निकायहरुमा कार्यरत सवैले आफ्नो कार्य जिम्मेवारी प्रभावकारी रुपमा संपादन गर्नु पर्दछ। साथै यी जनशक्तिको सक्षमता र दक्षता बिकास गर्न निरन्तर सिकाइको आवश्यकता पर्दछ ।फौजदारी न्याय प्रशासनको एक महत्वपूर्ण अवयवको रुपमा सरकारी वकीलहरु रहेका छन्। फौजदारी न्याय प्रशासनको संचालनमा प्रभावकारिता ल्याउन नेपाल सरकारको सरोकार रहेका मुद्दा मामिलामा बहसपैरवी गर्ने र कुनै न्यायिक निकायमा नेपाल सरकारको तर्फबाट मुद्दा दायर गर्ने नगर्ने बिषयमा निर्णय गर्ने समेतको अख्तियारी पाएका सरकारी वकीलले संविधान र कानूनले निर्दिष्ट गरेको जिम्मेवारी प्रभावकारी रुपमा निर्वाह गर्न सक्ने गरी निजहरुमा सो अनुरुपको सक्षमता, ज्ञान र सीप हुनुको साथै सो मा निरन्तररुपमा अभिवृद्दी गर्नु पर्ने देखिन्छ ।

महान्यायाधिवक्ताको कार्यालयको तेश्रो पञ्चवर्षिय रणनीतिक योजनाले सरकारवादी फौजदारी मुद्दाको अभियोजनलाई वस्तुनिष्ठ र वैज्ञानिक प्रमाणमा आधारित बनाउने लक्ष्य लिएको छ । यसका लागि सरकारबादी फौजदारी मुद्धाको अनुसन्धानको क्रमदेखि नै भौतिक प्रमाण संकलन गरी सो को वैज्ञानिक रुपमा परीक्षण गर्नु पर्दछ। साथै सरकारी वकीलहरु विधि विज्ञानको विषयमा जानकार रही अनुसन्धानको क्रममा भौतिक प्रमाणको संकलन गर्ने गराउने कुरामा अनुसन्धान अधिकृतलाई निर्देश गर्न सक्ने थप ज्ञान र सीपको साथै परीक्षण प्रतिवेदनको वारेमा स्पष्ट बुझाइका साथ व्याख्या गर्न सक्ने सक्षमताको बिकास गर्नु पर्ने देखिन्छ ।

यसै सन्दर्भमा विधि विज्ञानको विषयमा सरकारी वकीलको ज्ञान, सीप र क्षमता अभिवृद्धि गरी अनुसन्धान, अभियोजन र वहसपैरवी सम्बन्धी कार्य सम्पादनलाई प्रभावकारी बनाउने हेतुले यो पाठ्यक्रम तयार गरिएको छ।साथै यसै पाठ्यक्रम अनुसार सबै सरकारी वकीलहरुलाई विधि विज्ञान सम्बन्धी प्रशिक्षण कार्यक्रम क्रमिक रुपमा संचालन गरिनेछ ।

## १.३ प्रशिक्षणको उद्देश्य:

यस प्रशिक्षण कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेको छ।

१. मुलुकी फौजदारी कार्यविधि संहिताको अनुसूची १ र २ मा रहेका मुद्धाको अनुसन्धानमा भौतिक र बैज्ञानिक प्रमाणको संकलन र परिक्षणको महत्व, कानूनी व्यवस्था तथा सो सम्वन्धमा रहेका न्यायिक दृष्टीकोणको बारेमा छलफल गर्ने ।

२. विविध प्रकृतिका मुद्धाको अनुसन्धानको क्रममा भौतिक प्रमाणको संकलन र परिक्षणमा अपनाईने विधि, प्रविधि, पद्धति र अभ्यासका बारेमा सम्बन्धित क्षेत्रका विज्ञ विशेषेज्ञसंग सहभागिहरुलाई छलफल/अन्तरकृया गराई सो सम्बन्धमा प्रशिक्षार्थीहरुको ज्ञान सीपमा अभिवृद्धि गर्ने ।

३. भौतिक र बैज्ञानिक प्रमाणको परिक्षण गर्ने प्रयोजनका लागि स्थापित निकायहरुमा सहभागिहरुलाई स्थलगत अवलोकन गराई विविध किसिमका भौतिक प्रमाणको परिक्षण प्रकृया र प्रविधिको बारेमा जानकारी गराउने र ती निकायसंग समन्वय स्थापित गर्न सहयोग पुऱ्याउने।

४. अनुसन्धान अधिकृतलाई मुद्दाको अनुसंधानको क्रममा भौतिक प्रमाणको संकलन समेतका बारेमा आवश्यक निर्देशन दिई अनुसन्धानमा नेतृत्वदायी भुमिका खेल्ने र  बहस पैरवी गर्दा भौतिक र बैज्ञानिक प्रमाणको विश्लेषण गर्न सक्ने सक्ने गरी थप ज्ञान र सीपमा अभिवृद्धी गर्ने ।

समग्रमा यस प्रशिक्षण कार्यक्रमको उद्देश्य सरकारवादी फौजदारी मुद्दाको अभियोजनलाई वस्तुनिष्ठ र वैज्ञानिक प्रमाणमा आधारित बनाई फौजदारी न्याय प्रशासनको प्रभावकारीतामा अभिबृद्दी गर्नु रहेको छ ।

## १.४ सहभागिता, सहभागी संख्या र अवधि

सरकारी वकीलहरुलाई लक्षित गरी सञ्चालन हुने यो प्रशिक्षण कार्यक्रमका लक्षित समूह, सहभागी संख्या र कार्यक्रमको अवधि देहाय बमोजिम हुनेछ,

१.४.१ **सहभागिता**: प्रशिक्षणका सहभागीहरु नेपाल न्याय सेवा, सरकारी वकील समूहका सरकारी वकीलहरु हुनेछन्।

१.४.२ **सहभागी संख्या**: प्रत्येक प्रशिक्षण कार्यक्रममा पच्चीस (२५) देखि तीस (३०) जनाको सहभागिता हुनेछ।

१.४.३ **अवधि**: यस प्रशिक्षणको अवधि पाँच कार्य दिनको हुनेछ। एक दिनमा तीन वटा सत्र समावेश गरिनेछ। प्रत्येक सत्रको समय एक घण्टा तीस मिनेटको हुनेछ।

## १.५ पाठयक्रमको संरचना

प्रस्तुत पाठयक्रम सरकारी वकीललाई विधि विज्ञानसँग सम्बन्धित ज्ञान, सीप, अभिबृद्धी गर्ने गरी तय गरिएको छ। यस पाठ्यक्रममा आवश्यकताका आधारमा सैद्धान्तिक र व्यवहारिक सत्रहरु राखिएका छन्। पाठ्यक्रमको पहिलो भागमा प्रारम्भिक विषयहरु (पृष्ठभूमी , उद्देश्य, सहभागिता, प्रशिक्षण अवधि, प्रशिक्षण मूल्याङ्कन लगायतका विषयहरू) रहेका छन । दोस्रो भागमा प्रशिक्षणका मोडचूल बमोजिमका सत्रहरु समावेश गरिएका छन्। पाठ्यक्रमको अन्त्यमा सन्दर्भ सामग्रीको विवरण रहेको छ।

## १.६ पाठ्यक्रमका मोड्युल र सत्रहरु

यस प्रशिक्षणमा देहाय बमोजिम तीन (३) वटा मोड्युल अन्तर्गत उन्नाइस (१९) वटा सत्रहरु समावेश गरिएको छ।

### १.६.१ मोड्यूल एकः सरकारवादी फौजदारी मुद्धाको अनुसन्धानमा विधि विज्ञानको प्रयोग र न्यायिक दृष्टीकोण धि विज्ञानका सिद्धान्तहरु

सत्र एकः **Importance and Application of Scientific Evidences in Criminal Cases and Judicial Trend**

सत्र दुईः **Use of Digital forensic in criminal cases and its importance**

सत्र तीनः **Significance of sampling and chain of custody: current trends and standard practices**

सत्र चारः **Conditions for Admissibility of scientific evidences and Experts Opinion**

### १.६.२ मोड्यूल दुईः विधि विज्ञानको क्षेत्र

सत्र एकः **Introduction of Injuries, Kind and its Nature**

सत्र दुईः **Medical Examination of injuries and Torture Victim: Report Analysis and Interpretation**

सत्र तीनः **Medico legal aspects in Gender Based Offences**

सत्र चारः **Homicidal Death and Autopsy Reports**

सत्र पाँचः **Age Estimation: principle and practice**

सत्र छः **Mental State Examination of victim of Crime and Accused**

सत्र सातः **Polygraph and its uses in Criminal Cases**

सत्र आठः **Questioned Documents**

सत्र नौः **DNA and its Application in Forensic Criminal Cases**

सत्र दसः **Application of Wildlife Forensics in criminal cases (Lab Analysis and Reporting)**

सत्र एघारः **Chemical Examination (Drugs & Poisoning: Lab Analysis & Reporting)**

### १.६.३ मोड्यूल तीनः स्थलगत अध्ययन अवलोकन भ्रमण र प्यानल छलफल

सत्र एकः **Mortuary Department Visit (Autopsy Briefing & Demonstration)**

सत्र दुईः **Visit of National Police Forensic Science Lab, Samakhushi**

सत्र तीनः **Visit of National Forensic Science Labrotary, Khumaltar**

सत्र चारः **Cases Discussion**

सत्र पाँचः **नेपालमा विधि विज्ञानको प्रयोगको वर्तमान अवस्थाः समस्या, चुनौती र समाधानका उपायहरू**

### १.७ प्रशिक्षण सञ्चालन विधि र प्रशिक्षण मूल्याङ्कन

बजेट तथा समय अनुसार प्रशिक्षण आवासीय तथा गैरआवासीय रुपमा सञ्चालन गर्न सकिनेछ। प्रशिक्षणका प्रशिक्षक/श्रोत व्यक्ति चयन गर्दा प्रतिष्ठानको नियमानुसार सूचीकृत प्रशिक्षक तथा विज्ञ व्यक्तिबाट चयन गरिनेछ। प्रशिक्षकले सत्र सञ्चालन गर्दा वयस्क प्रशिक्षण विधि अवलम्बन गर्नु पर्नेछ। समग्र प्रशिक्षण, श्रोत व्यक्ति र सहभागीहरुको मूल्याङ्कन हुनेछ। आवश्यकताका आधारमा पूर्व प्रशिक्षण मूल्याङ्कन, प्रशिक्षण पश्चातको मूल्याङ्कन, प्रशिक्षण सत्रको मूल्याङ्कन र समग्र प्रशिक्षणको मूल्याङ्कन प्रतिष्ठानले तोकेको ढाँचा बमोजिम हुनेछ।

## भाग दुई

## मोड्यूल र सत्र

## २.१ मोड्यूल एक: सरकारवादी फौजदारी मुद्धाको अनुसन्धानमा विधि विज्ञानको प्रयोग र न्यायिक दृष्टीकोण

| सत्र | विषय/शिर्षक | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| १. | **Importance and Application of Physical and Scientific Evidences in Criminal Cases and Judicial Trends** | ▪ प्रमाण<br>▪ भौतिक र वैज्ञानिक प्रमाण<br>▪ विधि विज्ञान<br>▪ फौजदारी मुद्दामा भौतिक र वैज्ञानिक प्रमाणको प्रयोगको अवस्था<br>▪ अनुसन्धान र अभियोजनमा भौतिक र वैज्ञानिक प्रमाणको महत्व<br>▪ भौतिक र वैज्ञानिक प्रमाणको संकलन र परीक्षण सम्बन्धी कानुनी व्यवस्था<br>▪ न्यायिक दृष्टिकोण<br>▪ सरकारी वकीलको भूमिका | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| २. | **Use of Digital forensic in criminal cases and its importance** | • Digital Evidence<br>• Digital Forensic and Its Type<br>• Importance of Digital Forensics in criminal cases and its scope<br>• Sources of Digital Evidence<br>• Forensics Report<br>• Case Studies<br>• Online Safety | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| ३ | **Crime Scene investigation and chain of custody: current trends and standard practices** | • Crime, Crime Scene, Crime scene investigation<br>• General guidelines for handling, collection, packing, labeling, preservation, and forwarding of physical evidence to the Forensic Lab.<br>• Proper sample in crime investigation, | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |

| सत्र | विषय/शिर्षक | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| | | Significance of sampling<br>• Chain of Custody<br>• Standard approaches of preservation and packaging.<br>• Maintenance of chain of custody.<br>• Recommendations | | |
| ४ | **Conditions for Admissibility of scientific evidences and Experts Opinion** | • Basic criterion to acceptance of scientific evidence and expert's opinion in court (scientific approaches, expert, procedural errors etc)<br>• Legal provisions<br>• Role of Government attorneys before testimony and during testimony of Experts<br>• Coordination to the Court and questions preparation<br>• Court's decisions in this context | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |

## २.२ मोडयूल एक: सम्बन्धी कानून र व्यवहार

| सत्र | विषय/शिर्षक | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| १ | **Introduction of Injuries, Kind and Its Nature** | • Introduction and Basic Concept of Injuries<br>• Victim of Assault<br>• Victim of Torture<br>• Injuries and scars<br>• Documentation of Injuries<br>• Classification of Injuries<br>• firearm/ explosive injuries<br>• Burn injuries<br>• Blunt force and sharp force injuries | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| २ | **Medical Examination of injuries and Torture Victim: Report Analysis and Interpretation** | • Injury Examination<br>• Basic Concepts on Injuries reports Highlights with injury formats<br>• Report analysis<br>• Interpretation | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| ३ | **Medico legal aspects in Gender Based Offences** | • General Description and Introduction of Sexual Offences<br>• Child Sexual Offences<br>• Consequences of Gender Based Violence<br>• Medical examination procedure of victim and findings<br>• Drug Facilitated Sexual Assault (DFSA)<br>• Medico-legal reporting<br>• Its Interpretation | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |

| सत्र | विषय/शिर्षक | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| | | | | |
| ४ | **Homicidal Death and Autopsy Reports** | • Death<br>• Cause of death, Manner of death and Mechanism of death<br>• Changes after death<br>• Asphyxia, Causes, Types of Asphyxia and their features<br>• Asphyxia deaths (Hanging, Strangulation, Drowning, Carbon monoxide poisoning)<br>• Differentiated between homicidal and suicidal Hanging<br>• Live birth and dead birth<br>• Sample collection in poisoning case<br>• Autopsy report and its Interpretation | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| ५ | **Age Estimation: principle and practice** | • Age estimation<br>• Need and objectives of Age estimation<br>• Age estimation Principle<br>• Report preparation and Expert opinion<br>• Report interpretation<br>• Practice | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| ६ | **Mental State Examination of Victim of Crime and Accused** | • Mental State of a Person<br>• Importance to examine the mental state of victim and accused<br>• Introduction to Istanbul Protocol as a tool for documentation and investigation<br>• Need for psychological evaluation<br>• Assessment of psychological consequences of Torture | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |

| सत्र | विषय/शिर्षक | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
| --- | --- | --- | --- | --- |
| | | • Most common diagnostic categories<br>• Components of psychological/ psychiatric evaluation<br>• Reports<br>• Its application in criminal cases | | |
| ७ | **Polygraph and its uses in Criminal Cases** | • Introduction of the Polygraph, Techniques, Process,<br>• Use of Polygraph: Opportunities and Challenges<br>• Report<br>• Reliability<br>• Application<br>• Court Interpretation | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| ८ | **Questioned Documents** | ▪ Basic concept of Questioned Documents<br>▪ Fundamentals of handwriting and signature examination<br>▪ Scientific examinations of other questioned documents, seal, stamps etc<br>▪ Fingerprint.<br>▪ Fraud and forgery trends.<br>▪ Reliability of examinations<br>▪ Report<br>▪ Legal provision and judicial view | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| ९ | **Forensic examination of chemicals** | ▪ Basic concepts of Drugs<br>▪ Fundamentals of forensic drugs and poison analysis.<br>▪ Legal significance of quantitation and scientific limitations<br>▪ Legal provision<br>▪ Different scientific approaches and its reliability<br>▪ Recommendations | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| १० | **DNA and Its Application in Criminal Cases** | • Deoxyribonucleic Acid (DNA)<br>• Fundamentals and application of DNA profiling, advantages over other | १ घण्टा | प्रवचन, प्रश्नोत्तर र |

| सत्र | विषय/शिर्षक | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
| --- | --- | --- | --- | --- |
| | | methods<br>• Its application and scope<br>• Sample and sampling: standard practices<br>• Laboratory analysis and reporting<br>• Judicial view<br>• Recommendations | ३० मिनेट | समूहगत छलफल तथा अन्तरक्रिया |
| ११ | **Application of Wildlife Forensics in Criminal Cases** | • wildlife forensics<br>• Fundamentals of wildlife forensics<br>• Legal provisions<br>• Presumptive identification of some common illegally traded wildlife materials.<br>• Examination methods and their reliability.<br>• Challenges<br>• Recommendations | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |

## २.३ मोड्यूल तीन: विधि विज्ञानसम्बन्धी अभ्यास

| सत्र | विषय/शिर्षक | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| १ | **Mortuary Department Visit (Autopsy Briefing & Demonstration)** | • Observation of Mortuary Department, Teaching Hospital, Maharajganj.<br>• Autopsy Briefing<br>• Autopsy Demonstration | १ घण्टा ३० मिनेट | Observation and Discussion |
| २ | **Visit of National Police Forensic Science Lab, Samakhushi** | • Visit of National Police Forensic Science Lab's Different units<br>• Briefing of Different Units functions, lab procedures, caseloads, situation of lab<br>• Reporting Procedure<br>• Discussion and queries with unit chief | १ घण्टा ३० मिनेट | Observation and Discussion |
| ३ | **Visit of National Forensic Science Lab, Khumaltar** | • Visit of National Forensic Science Lab's Different Department<br>• Briefing of Different Department functions,<br>• Lab examination procedures,<br>• Caseloads,<br>• Situation of lab, Physical Infrastructure, Resources<br>• Reporting Procedure<br>• Discussion and queries with Department Head | १ घण्टा ३० मिनेट | Observation and Discussion |
| ४ | **Cases Discussion** | • Relevancy of Fact and Evidence<br>• Validity/ Admissibility of Physical Evidences<br>• Supportive Arguments in favor of physical Evidence, Scientific Evidence<br>• Observation Regarding the export opinion if any contradiction exist<br>• Development of Medical jurisprudence | १ घण्टा ३० मिनेट | • 40 Minute Group Discussion and Preparation of Presentation<br>• Presentation 8 Minutes to each group<br>• 28Minutes |

| सत्र | विषय/शिर्षक | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| | | • Value of Evidence<br>• Conclusion | | Feed Back from Chair of the Session |
| ५ | **नेपालमा विधि विज्ञान वर्तमान अवस्था: समस्या, चुनौती र समाधानका उपायहरू** | • अन्तरक्रियात्मक खुला छलफल/<br>• प्यानल छलफल | १ घण्टा ३० मिनेट | नेपाल प्रहरी, महान्यायाधिवक्ताको कार्यालयका प्रतिनिधिको प्यानल बनाई अन्तरक्रिया गर्ने । |

## सन्दर्भ सामग्री

- नेपालको संविधान
- प्रमाण ऐन, २०३१
- फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४
- मुलुकी अपराध संहिता, २०७४
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४

**नजिरहरू**

१ ने.का.प. ,२०३६ ,निर्णय नं. १२५५ पृ.१०८,
२ ने.का.प. ,२०६४ नि.न. ७९०८
३ ने.का.प,२०६५,अकं ७ नि.न. ७९८५ पुर्ण इजलाश
४ ने.का.प ,२०६६ अकं २,निं नं ८०८५
५ ने.का.प,२०६६ अंक १० नि.न. ८२४३
६ ने.का.प,२०६७, जेठ अंक २,नि. न.८३११
७ ने.का.प. ,२०६७ अंक ११ नि.न. ८५०१
८ ने.का.प, २०६८, अंक १नि. नं. ८५४१ पृष्ठ ११२
९ ने.का.प. ,२०६८ अंक २ नि.न. ८५६८
१० ने. का.प., २०६८, अकं ३, नि. न. ८५७८
११ ने.का.प,२०६८,अंक १२,नि.न. ८७२६ पृष्ठ १९२६
१२ ने.का.प,२०७३ अंक १२ नि.नं. ९७२३, पुर्ण इजलास
१३ ने.का.प, २०७४ अंक ५ नि.न. ९८११
१४ ने.का.प,२०७४,अंक ९,नि.नं. ९८८०
१५ ने.का.प,२०७५,अंक ३,नि.नं. ९९८०
१६ ने.का.प,२०७५,अंक १२,नि. न. १०१४८
१७ ने.का.प,२०७६,अंक ८,नि.नं. १०३२३
१८ ने.का.प. २०७७, अंक २ नि.नं. १०४३१ पृष्ठ २५१
१९ ने.का.प. २०७७ अंक ३, नि.नं. १०४६४ पृष्ठ ५७५
२० ने.का.प. २०७७ अंक ५ १०५०१ पृष्ठ ९१४,
२१ ने.का.प. २०७७ अंक ६ नि.नं. १०५२०, पृष्ठ ११५७

२२ ने.का.प. २०७७ अंक १२ नि.नं. १०६०८, पृष्ठ २११७

२३ ने.का.प. २०७७ अंक १२ नि नं. १०६१८, पृष्ठ २२६०

२४ ने.का.प,२०७७, अंक १२, नि.नं. १०६२०, पृष्ठ २२७८

२५ ने.का.प. २०७८ अंक ४/५ नि.नं. १०६६०, पृष्ठ ४३५

२६ ने.का.प. २०७८ अंक ७ नि.नं. १०७०८

२७ स. अ. बुलेटिन २०६७, पुणाकं ४४१

२८ रन्जन कोइराला वि. नेपाल सरकार (०७२-CR-१९३७)
फैसला मितिः २०७७।३।१५